# संक्रमणकालीन बिहे : एक अनुभूति

सम्झना वाग्ले भट्टराई

## विषय प्रवेश

कक्षामा छु, सामाजिक संस्थाहरू अन्तर्गत विवाहको बारेमा पढाउनु छ। त्यसो त "पढाउनु" भन्दा "अन्तर्क्रिया" भन्नु उपयुक्त होला। "वास्तवमा बिहे यौनसम्बन्ध र बच्चा जन्माउनको लागि स्वीकृति प्राप्त सामाजिक प्रक्रिया हो। यससँगै बिहेले बालबच्चाको पालनपोषण र सामाजिकीकरणको दायित्व पनि ग्रहण गरेको हुन्छ।" कक्षा यसरी शुरू हुन्छ र अगाडि बढ्छ। विदेशी समाजशास्त्रीहरूको बिहे बारेको दृष्टिकोण तथा केही धर्ममा बिहे प्रतिको परिभाषा, बुझाइ र संस्कृतिबारे बोली सकेपछि छलफललाई स्थानीय रंग दिने प्रयास गर्छु। समाजशास्त्र संकायका स्नातकोत्तर तहका विद्यार्थीहरू विवाहको बहसमा भाग लिन उत्साही छन्।

"विवाह एक झुर सामाजिक संस्था हो" शुरूमै नेपाली काँग्रेसका नेता प्रदिप गिरीले कतै भनेको भनाइ (थाहा छैन यो उनकै भनाइ हो वा कतैबाट सापट लिएका हुन्) उद्धृत गर्दै छलफल खुला गरिदिन्छु। एक लहर हाँसो छुट्छ। कक्षा बहसमा सक्रिय भइरहने धनीराम चौधरी "झुरै त नभनेको भए हुने" भने झैँ गरेर मलाई अनि साथीहरूलाई पालैपालो हेर्छन्। म बुझ्छु। बिहे गरेको दुई महिना मात्र भएको जो कोहीलाई त्यस बखत "झुर" शब्द झुर लाग्नु स्वभाविकै हो। "म्याडमको बूढोसँग झगडा परेजस्तो छ," पछिल्तिर कोही फुस्फुसाउँछ। म नसुने झैँ गर्छु। त्यसो हुन त नहुने हो तर किन किन बिहेका नकारात्मक पाटोतर्फ नै मुखर हुँदैगएको छु।

अलि पूर्वाग्रही पो भएँ कि ! सही हो, कक्षामा म मात्र उभिएको छैन, विगत केही वर्षदेखि मनभित्र झुत्ति खेलिरहेका मेरा मानसिकता पनि ठेलमठेल गरिरहेका छन्।

कतै पढेको थिएँ, "बिहे त्यस्तो सामाजिक प्रक्रिया हो, जस्ले सुन्दर प्रेमिकालाई झर्को लाग्दी स्वास्नीमा बदल्दिन्छ।" थोरै तोडमोड गरेर भनिदिन्छु—"कसैले भनेका छन् बिहे त्यो सामाजिक प्रक्रिया हो, जसले आकर्षक र 'अपीलिङ' प्रेमीलाई 'मनोटोनस' र 'हेजिमोनिक' लोग्ने बनाइदिन्छ।" "म्याम एक्स्ट्रिम फेमिनिस्ट कि बिहेसँग एक्स्ट्रिम फ्रस्ट्रेटेड ?," सागर मुखरित हुन्छ। "पछिल्लो आंशिक सही" तर आवाज मन भित्रै दब्छ। कता-कता अलि बढी नै बिहेप्रति नकारात्मक भएँ कि !

*समाज अध्ययन* १२ : २७३–२८४, २०७४

वास्तवमा आमा बुबाले फुपू दिदीको कुरा काट्न नसकेर बिहे गरेर पठाइदिएका मलाई । "म्यामको प्रेम बिहे कि मागी बिहे ?"—ज्योति सोध्छे । "बिहे पछिको प्रेम" थोरै "डिप्लोम्याटिक" बन्न खोज्छु । तर भन्दै गर्दा आफ्नो अनुहार नराम्ररी बिग्रिएको भेउ पाउँछु । रुँ-रुँ लाग्छ । हाकाहाकी खस्रा कुरा गर्नमा अभ्यस्त म डिप्लोम्याटिक बन्न सधैँ असफल हुन्छु ।

भन्छु, "प्रेम बिहेको बारेमा कमेन्ट गर्ने व्यावहारिक ज्ञान मतलव अनुभव ममा छैन । मेरो त हेर्न आएको हप्ता दिनमा टिकाटालो, अनि त्यसको सातै दिनमा बिहे । न कफी गफ, न कुनै डेटिङ, न कुनै मुभी !" पछिल्लो बेञ्चतिर कोही उत्ताउलिन्छ, "सोझै हनीमून !" म नसुने झैँ गर्छु । तर यो शाब्दिक उत्ताउलोपनमा सधैँ केटाहरू अगाडि पाउँछु । पितृसत्तात्मक समाजको विशेषता हो यो । पश्चिमा राष्ट्रहरूतिर कस्तो छ कुन्नी !

त्यसो त देखेर, सुनेर पनि जानिन्छ । प्रेम बिहे गरेकी एउटी साथी भन्छे, "शुरू शुरूमा पो प्रेम बिहे, अब त प्रेम सकियो, बिहे मात्र बाँकी ।" हाम्रोजस्तो सामाजिक, सांस्कृतिक पृष्ठभूमि भएको मुलुकमा प्रेम बिहेभन्दा मागी बिहे टिकाउ भएका निष्कर्षहरू केही अध्ययनले पनि देखाएका छन् । तर कसरी टिकेका छन् यो प्रश्न सायद ती अध्ययनका उद्देश्य अन्तर्गत पर्दैनन् । अन्तिम वाक्य नभनिकनै "सोझै हनीमून" अघिको खाली ठाउँ भरिदिन्छु ।

बिहे बारेको कक्षामा स्वभावैले प्रेम बहसको केन्द्र बनिहाल्छ । त्यहीमाथि "भ्यालेन्टाइन्स डे" ले गर्माएका दिनहरूमा भएको विवाह, अनि प्रेम बहसमा कक्षा झनै तातिनु स्वभाविकै हो । आँखाभरि रहर छचल्काएर विद्यार्थीहरू बहसमा व्यस्त छन् ।

प्रेमीहरूको दिन भनिने यस दिनको मलाई न इतिहास थाहा छ, न सन्त भ्यालेन्टाइन्स भनिने व्यक्तिबारे नै । कलेज जीवनका शुरूआती दिनहरूमा साथीहरूको लहैलहैमा १४ फेब्रुअरी सम्झिन थालेँ, उमेरको अनुभूतिसँगै रोमाञ्चकता बढ्दै गयो । त्यसैले त यिनै दिनसँग जोडिएका केही मीठा सम्झनाहरू छन् । बाँचिरहेको वर्तमान यिनैले कहिलेकाहीँ तीतो बनाइदिने गर्छन् भने, कहिलेकाहीँ विगतसँग आरिस !

जे होस्, बिहेको कक्षा बहसले झण्डै १० वर्ष अघिको महेन्द्ररत्न क्याम्पस ताहाचलको प्रांगणमा पुऱ्याइदिन्छ मलाई । क्याम्पस पढ्नुको उखरमाउलो गर्मी "प्लस टु" सँगै छोडिए पनि जनसंख्या शिक्षाका प्रजनन् बहसले काउकुती लगाउँथे र गम्भीर सम्बन्धको रहरले भावुक बनाउँथ्यो ।

काठमाडौँका कलेजहरू बीचमा महेन्द्ररत्न क्याम्पस ताहाचलको छुट्टै पहिचान थियो, अझै छँदैछ । शिक्षा संकाय मात्र पढाइ हुने यस क्याम्पसमा अधिकांश विद्यार्थी अनुहार ग्रामीण देखिन्थे । खासमा भन्नुपर्दा फिल्मी पाराका सपनाका राजकुमार ताहचल क्याम्पसमा खासै हुन्थेनन् । सपनाका राजकुमारहरूको अभावै भए पनि केले रोक्थ्यो र

मनलाई इन्द्रेणी सपना देख्न ? त्यसैले त काठमाडौँको धुलौटे क्षितिजमा पनि युवा मनभरि इन्द्रेणी रङ पोतिन्थ्यो ।

हँसिलो अनुहार, चञ्चल हेराइ, आकर्षक श्याम वर्ण मन भित्रको इन्द्रेणी ताहाचल क्याम्पस प्रांगणमा नै झुल्काउन काफी थियो । साँच्चै म लाट्टिएँ, लट्ठिएँ । "ओइ, फर्स्ट इयरको भाइ हो," छेवैमा उर्मिला फुस्फुसाई । के फरक पर्छ र ? मन बोल्यो । भित्रैदेखि लजाएँ । सायद अनुहारमा लालीगुराँस फक्रियो ।

आखिर के रहेछ र जीवन ? हुनु केही न पाउनु केही, मन त्यसै त्यसै चंगा भयो । श्याम वर्णको त्यो अनुहार "मिष्टर ह्याण्डसमको क्राउन" पहिरेर दिल दिमागमा थपक्क बसिदियो । "पागल जस्तो किन एक्लै-एक्लै हाँस्छे यो ?" बेलुका खाने बेलामा दाइ मुरमुरियो । तर खासै रिस उठेन । चालढालबाटै थाहा पायो कि ? "खुबै बा भै खाको ! घरमा बाले जस्तै हैकम चलाउँछ, गजब छ है पितृसत्ता !"

दैनिकी फेरिन्छ । अंग्रेजी ट्यूशनको बहानामा स्वयम्भू, बालाजु पार्क खुबै घुमिन्छ । भर्खर हातमा परेको मोबाइल फोन, ब्यालेन्स नभए नि दाइको आँखा छल्दै सिंगल वा डबल रिङमा संवाद । मिस्ड कल भन्थ्यौँ, सायद "मिस" गर्दैछु भन्ने जनाउ दिन हो कि ! जाना जान मिस गरिएको कल ।

गाउँमा त सुनिएकै थिएन, काठमाडौँमा पनि नवप्रवेशी थियो "भ्यालेन्टाइन्स डे" । खासै खुलेर चर्चा नभए पनि तन्नेरीहरूमाझ भूसको आगोझैँ फैलिँदै थियो, यसको प्रभाव । लुकेर किनेको एक जोडी डल्फिन र एक थुंगा गुलाफ, दाइको आँखा छल्न हम्मे परेको थियो मलाई । त्यो विशेष दिन शनिबार परेको थियो, त्यसपाली । बिहानको खानापछि केही थाहा नपाएझैँ दाइ बाहिरियो । मैले नबुझ्ने कुरै भएन, मभन्दा मात्र दुई वर्ष जेठो न थियो, दाइ पनि । छिटो-छिटो कोठाबाट निस्किएँ । जाने ठाउँ निश्चित भैसकेको थियो, सेतो गुम्बा । स्वच्छन्द प्रेमीहरू आ-आफ्नै धुनमा थिए, तर यो सब देखेपछि अझ प्रेममा स्वतन्त्रताको मूल्य बुझेको थिएँ मैले । अरू तपसीलका कुरा थिए, आफ्नै छनोटको प्रेम मेरै पहुँचमा थियो । मैले पाएको गुलाफ, दिएको भन्दा ताजा थियो र मेरो हातको ताजमहल झनै मनमोहक थियो ।

जीवनको पहिलो "भ्यालेन्टाइन्स डे" मनाए पछिको एक वर्षका दिनहरू रमाइलोसँग बिते । त्यसरी नै अर्को वर्ष आएको मेरो जीवनको दोस्रो "भ्यालेन्टाइन्स डे" पनि पहिलोभन्दा भव्य रह्यो । भव्य यो अर्थमा कि दोस्रो वर्षसम्म आइपुग्दा कमसेकम ममा उमेरजन्य उष्णता मात्र थिएन, वैवाहिक जीवनको सुनौलो भविष्यको खाका पनि थियो । योजनाहरू बनेका थिए ।

छोरीले बीएड पास गरी । घरमा उखरमाउलो हतार भयो, छोरीको बिहेको । आएका प्रस्ताव एकाध पटक त शुरूमै अस्वीकार गरेँ ।

"कि आफै रोजिसकेकी छेस् नत्र किन नाइँ गर्थिस् त ?"—सानिमा भन्नुहुन्छ ।

"कोही छ भने देखा, उसैसँग गर्दिउँला"—काकी मुस्काउनु हुन्छ ।

"संस्कारी छे मेरी छोरी अरू जस्ती होइन"—आमा हतार हतार चुप गराउनु हुन्छ । प्रश्न सोध्ने तर उत्तर नदे भन्ने, म के बुझौँ ? बुझेरै चुप बसिदिन्छु ।

यस्तैमा फुपू कुटिल मुस्कानका साथ आउँछिन् । "केटो एकदम सज्जन छ, रोज्जा छ ।" म हाँस्ने असफल प्रयास गर्छु ।

"एक पटक भेट मात्र, भेट्दैमा बिहे गरिहाल्नुपर्छ भन्ने छ र ?"—कोही भन्छ ।

"हाम्रो पालोमा जग्गेमा मात्र अनुहार देखिन्थ्यो, अहिले त के, रोजी र छाडी," माथिल्लाघरे ठूलीआमा ओठ लेब्राउँछिन् ।

"हामी तँलाई कर त गर्दैनौँ तर यो केटासँग नाइँ भन्न चैँ पाउँदिनस् है ।"—फुपू थप्छिन् ।

"कर त गर्दैनौ तर नाइँ भन्न चैँ पाउँदिनस्"—म बुझ्दिनँ, सत्य धरोधर्म बुझ्दिनँ । यसको मतलव के हो, सोधौँ ? भो सोध्दिन, फेरि आमाको साँक्कसुँक्क शुरू हुन्छ ।

र, शुरू हुन्छ केटी देखाउने, हेर्ने शृंखला ।

## स्थिर समय

यो विवाहको संक्रमणकालीन समयको कथा हो, आजभन्दा ९ वर्ष अघिको, अर्थात् २०६५ सालको । जुन समयमा मेरो उमेरलाई मेरो परिवार र समाजले विवाहयोग्य उमेर मानेको थियो । म २१ वर्षको थिएँ र मेरा शिक्षित अभिभावकहरू रेडियो नेपालमा दैनिक बज्ने "बिहेबारी २० वर्ष पारी" विज्ञापनबाट दीक्षित थिए । मेरो लागि योग्य वर खोज्न घरपरिवार र आफन्तहरूलाई भ्याइ-नभ्याई थियो । त्यस समयलाई मैले किन संक्रमणकालीन भने त भन्दा, अध्ययनको लागि छोरीहरूलाई पनि क्याम्पस पठाइन्थ्यो र स्वभावैले विभिन्न साथीहरूसँग हाम्रो भेट हुन्थ्यो, अन्तर्क्रिया हुन्थे । उमेरजन्य आकर्षण हुन्थ्यो र मन प्रेमिल हुन्थ्यो । तर परिवार, समाज अहिलेजति उदार भैसकेको थिएन । हामी संक्रमणकालीन पुस्ताका थियौँ । झन् हामी ब्राह्मण परिवारका छोरीहरूलाई स्वतन्त्र प्रेमको आवाद गर्ने अधिकार कहाँ थियो र ? परिवारको, समाजको र सायद आफ्नो जातको पनि इज्जत धान्नुपर्ने अभिभारा थियो, विशेष गरी छोरीहरूलाई । अन्य समुदायका साथीहरूले रमाउँदै गरेका जात्राहरू तथा मेलापर्वहरू पनि हामीलाई वर्जितजस्तै थियो । रातमा हुने जात्राहरूमा जाने त हामी कल्पना नै गर्न सक्दैनथ्यौँ भने कति दिवा पर्वहरूमा पनि जात र कुल-घरानाको गहुँगो भारी बोकेर, संकुचित पाइला चाल्नु पर्थ्यो । लैंगिक रूपमा त अरू समुदायका भन्दा हामी ब्राह्मण परिवारका चेलीहरू अझै सीमान्तकृत पो थियौँ कि ! समय त्यस्तो थियो र पनि जात र कुलको पर्खाल नाघेर कलेज प्रांगणमा उमेरसँगै देखिने सप्तरंगी सपनाहरूले हामी लछप्पै भिजेका हुन्थ्यौँ । तर, जब घरपरिवार र आफन्तको सम्झना आउँथ्यो, भयावह

दाह्रा र नंग्रा सहितको परिवार, समाज र जात-इज्जतको पृष्ठभूमिमा यी रंगीन सपनाहरू मिल्न पुग्थे। यस्तो भयानक कोलाज बन्न पुग्थ्यो कि बोल्न र सुन्न जानेदेखि नै घोकाइएको अनुशासनले खुट्टा लगलग काप्न थाल्थे र मुटु ढक्क फुल्थ्यो । त्यसो त आँटिलाहरूले त्यतिखेर पनि प्रेम बिहे नगरेका होइनन्, तर संस्कार र अनुशासनको नाममा अड्कली-अड्कली पाइला चालेकी ममा त्यो पर्खाल नाघ्ने हिम्मत आएन ।

मेरो बिहेको सन्दर्भमा पनि दिदीको पालोमा जे भएको थियो, मेरोमा पनि त्यही हुँदै थियो । हप्तैपिच्छे वा कहिलेकाहीँ त झण्डै दैनिक पनि विभिन्न प्रस्ताव आउँथे ।

मेरो एमएको पढाइ भर्खर शुरू भएको थियो; घरमा मेरो बिहेको कुरा जोडतोडले चल्न थाल्यो । अनेक थरी प्रस्ताव आउँथे । आमा बुबाहरू विभिन्न "सूत्र" हरूको प्रयोग गर्दै केटाको घरपरिवार, खान्दान, जायजेथा, इष्टमित्र, आदिबारे सूचना संकलनमा लाग्नुहुन्थ्यो। अहिलेका शहरीया युवायुवतीलाई काल्पनिक कथाजस्तो लाग्न सक्छ, तर हुन्थ्यो यस्तै । ठीक नौ वर्ष अगाडि (२०६५ साल) कै त कुरा हो, मेरै बिहेको लागि भनेर आमा बुबाले कति घरपरिवारको खान्दान र जायजेथाको हिसाब-किताब बटुल्नु भयो। कतिलाई योग्य र कतिलाई अयोग्य बनाइदिनु भयो। झण्डै पाँच पटक त म दिदीले कर गरी गरी दलिदिएको मेकअपमा चिया वा जुस यस्तै केही लिएर आफ्नो सुन्दरताको पारख गराउन हाँसका पाइला चालिरहेँ। अहिलेको शहरीया पुस्ताले यसलाई "मोडल हण्ट" वा "सुन्दरी प्रतियोगिता" सँग तुलना गरेर बुझे हुन्छ। तर त्यो समयका धेरैको जस्तै यी सम्पूर्ण प्रक्रियामा सहभागिता हुनु मेरो रुचिमा थिएन, त्यो बलात् लादिएको थियो। छोरीहरूलाई छनोटको स्वतन्त्रताको नाममा केही सीमित विकल्पहरू त दिइन्थ्यो, तर यो समग्र प्रक्रियासँगकै आफ्नो असन्तुष्टि भने अग्रजहरू नबुझे जस्तै गरिदिन्थे । उनीहरूले दिएका विकल्पहरू मध्येबाट कुनै एक जबसम्म छनोट गरिँदैनथ्यो तबसम्म यो प्रक्रिया दोहोरिरहन्थ्यो ।

व्यक्त वा अव्यक्त रूपमा सुन्दर देखिने प्रयास गर्नु मेरो पनि चाहना थियो। बजारमा आएका सौन्दर्यका साधनहरू र फेशनको म पनि पारखी थिएँ। तर पछिल्लो समय लगातार दोहोरिने गरेका अनुहारभरि मेकअप दल, मिल्दो ड्रेसअप गर, कृत्रिम शालीन मुस्कान सहित कसैको अगाडि प्रस्तुत होऊ, आदिले यी चीजप्रति मात्र होइन बिहे प्रतिको मेरो रुमानी कल्पना पनि मृतप्राय भैसकेको थियो ।

यसै शृंखलामा उसँग मेरो भेट भयो ।

म धेरै बोल्दिन तर मनभरि कुराका झुत्ति खेल्छन् । ऊ बाचाल छ । मैले मुश्किलैले एक वाक्य बोल्दा ऊ नानाभाँतीका तर्कसहित एकदर्जन वाक्य बोलिसक्छ र विजयको भावमा मतिर हेर्छ। म टाउको निहुर्‍याउँछु। र, यसलाई उसले मेरो हारको स्वीकारोक्तिको रूपमा बुझ्छ, मसँग उसका बेतुके तर्कका विरुद्ध झण्डै दर्जन जवाफी तर्कहरू हुन्छन् तर मनमा मात्र । हाँसो उठ्छ, तर हाँस्दिन । "धेरै नहाँस्नु," आमाले सचेत गराउनु भएको

थियो । वधू बन्ने प्रक्रियामा रहेकी मैले सायद, “हास्नु हुन्न कदापि नारीजनले वेश्या ...” भानुभक्तको वधूशिक्षा मैले सम्झनु पर्थ्यो ।

ऊ आफूलाई “आँ गर्दा अलंकार बुझ्ने” ठान्छ । कुनै प्रश्न गर्न लाग्दा प्रश्न सकिन नपाउदै तीन-चार तरिकाबाट उत्तर दिइसक्छ । मलाई हाँसो उठ्छ । सायद ऊ “गुगल सर्च इञ्जिन” हो, कुनै विषयमा “सर्च” गर्न केही टाइप गर्ने वित्तिकै प्रशस्त विकल्पहरू दिन्छ, जुन वास्तवमा खोजिएको नै हुँदैन । जब की-बोर्डमा “इन्टर” थिच्छु नि २०९५६००० रिजल्ट्स इन ०.५७ सेकेण्ड्स सहितका पृष्ठहरू खुल्छन् । म कुनै “साइन्टिफिक पेपर” को लागि भरपर्दा सामग्रीहरू खोजिरहेको हुन्छु, तर गुगल ९९.९ प्रतिशत अनावश्यक र पूराना सूचनाहरू देखाइरहेको हुन्छ । उसका तर्कहरू मलाई ठीक त्यस्तै लाग्छन्, आवश्यक सूचनाहरू फिल्टर गर्दागर्दै म थकित भैसकेको हुन्छु ।

मैले उसको नामसम्म सोधिनँ, न पढाइ, कमाइ वा ठेगाना नै सोधेँ । तर उसले मेरो बेष्टफ्रेण्डको नामदेखि बेष्ट मुभी, बेष्ट बुक, बेष्ट डिश, बेष्ट रेष्टुरेन्टदेखि मेरो वेष्ट र ब्रेष्टको साइजसम्म सोध्न भ्यायो । मैले कुनैको उत्तर दिनु अगावै ऊ आफै अप्सनहरू दिन्थ्यो र आफै “बेष्ट आन्सर” छान्थ्यो । उसका प्रश्न सोध्ने शैली र विकल्प सहित आफै उत्तर दिने शैलीले म आजित भैसकेकी थिएँ र चुपचाप बस्नु नै श्रेयष्कर ठानेँ । मेरो मौनतालाई उसले स्वीकृति ठान्यो र मेरा अभिभावकले पनि । तर, मेरो मनभित्र के गुज्रिरहेको थियो कसैले सोध्ने आवश्यकता ठानेन । बोल्नुको कुनै अर्थ नदेखेर म, चुपचाप बसिरहेँ ।

पटक-पटकका केटी देखाउने, हेर्ने कार्यक्रम भएपछि उही बाचाल अर्थात “गुगल सर्च इञ्जिन” सँग मेरो विवाह लगभग पक्का भयो । अब कुरो मिली सकेपछि “शुभकार्यमा किन ढिलाइ” भन्दै एक हप्तापछि नै बिहे छिन्ने दिन तय गरियो । अब मेरो मोबाइल फोन धेरैजसो व्यस्त हुन थाल्यो, त्यो पनि लगातार एउटै नम्बरबाट आउने फोनले ।

बिहे हुने निश्चित भैसकेपछि आफूलाई मानसिक रूपमा तयार पार्न सक्दो कोशिश गर्न थालेँ । विगतलाई विगतमा नै छोडिदिनु थियो । महेन्द्ररत्न क्याम्पस ताहाचलमा भेटिएको श्याम वर्णको त्यो चञ्चल अनुहार बिस्तारै बिर्सनु थियो । बिर्सन नसके पनि कमसेकम त्यसलाई विगतमा सीमित गर्नु थियो । उसबाट पाएका सबै उपहारहरूलाई जम्मा गरेँ । मायाले सुम्सुम्याउन मन थियो, अँगालोमा लुकाउन मन थियो । अन्तिमपटक भए पनि एक-एक सबैलाई हेर्दै ती दिनहरू सम्झिन मन थियो । तर केही दिनमा नै हुन लागेको टिकाटालो र त्यसको लगत्तै हुने बिहेले “नोस्टाल्जिक” हुँदै गरेको मनलाई रोक्न बाध्य गरायो । हतार-हतार सबै उपहारलाई एउटै पोको बनाएर गोठ माथिको पुराना सामानहरू थन्क्याउने कोठामा हुऱ्याइदिएँ । त्यो कोठा सायद यस्तै प्रयोजनको लागि उपयोगमा थियो । प्रयोजनमा पनि नआउँने र फाल्न पनि नसकिने चीजवीजले भरिएको थियो त्यो कोठा । र विगतका ती प्रेमिल उपहारहरू यसै कोठामा हुऱ्याएको थिएँ मैले । कति निष्ठुर है म ?

तर, बाध्य थिएँ । मैले बाँचेको समाज र मेरो अन्तरंग मनबीच कुनै तादात्म्य थिएन । मेरा भावनाहरू परिवार, समाज र संस्कारको नाममा बलि चढिसकेका थिए ।

साटिएका उपहारहरू कुनातिर हुऱ्याए पनि हृदयको केन्द्रबाट उसले टसमस गरेको थिएन । मन अपराधबोध र ग्लानिले भारी भएको थियो । यस्तैमा उसले फेसबुकमा पठाएको म्यासेजले मन भारी बनाइदियो । "छिटै शुरू हुने वैवाहिक जीवनको शुभकामना" को साथमा लेखेको थियो "अल्पायुमै दिवंगत हाम्रो प्रेमलाई श्रद्धाञ्जली !" र, अझ अन्त्यमा लेखिएको थियो "मेरो प्रेमले तिम्रा आगामी दिनमा कहिल्यै नपोलोस् !" खै बुझ्नै सकिन यो शुभेच्छा थियो या श्राप ! प्रेमिकाको अर्को कसैसँग बिहेको कुरा चल्दैमा प्रेमको श्रद्धाञ्जली (!) त्यो कस्तो प्रेममा थिएँ म ? त्यसो त प्रेमिकाको अर्कैसँग बिहे हुने कुरा चल्दा उसका मनमा कस्ता कुरा खेलिरहेको होला, म अनुमानसम्म गर्न सक्थेँ । ऊ पनि यही समाजको थियो, उसले पनि त मेरो बाध्यता बुझ्न सक्थ्यो । जे होस् परिस्थिति मेरो वसमा थिएन । कमसेकम ममा विद्रोह गर्ने आँट थिएन । केही समय निरुत्तर रहेँ र फेसबुकबाट उसलाई "अनफ्रेण्ड" गरिदिएँ ।

प्रेम के हो ? मलाई थाहा थिएन, छैन । स्कुले जीवनका पछिल्ला दिनहरूमा कुनै केटालाई देख्दा हुने कुतकुतीलाई नै प्रेम सोच्थेँ । कलेजका शुरूआती दिनहरूमा तिनै "कुतकुती" मा भ्यालेन्टाइन्स डे, केही थान उपहार, कलेज बंक र मुभी यस्तै यस्तै कुरा थपिएका थिए, प्रेमको परिभाषामा । पछिल्ला दिनहरूमा थोरै गम्भीर र अलि-अलि भविष्यका योजनाहरू पनि प्रेममा पर्थे । तर म जुन सामाजिक र पारिवारिक संरचनामा हुर्किएको थिएँ त्यहाँ माथिका मेरा प्रेमका परिभाषा वर्जित जस्तै थिए । ती सब उच्छृंखल र अनुशासनहीन गतिविधिमा पर्थे । परिवारको इज्जत फाल्ने वा जोगाउने सीमा-रेखा, प्रेम गर्नु वा नगर्नुले निर्धारण गर्थ्यो । त्यसैले उमेरजन्य भावनासँगै विकसित भएका सम्बन्धहरूलाई बिर्सिएर परिवार र समाजले कोरिदिएको लक्ष्मण रेखाभित्र सीमित हुनु नै इज्जत जोगाउनु थियो ।

"... दिवंगत प्रेमको श्रद्धाञ्जली" म्यासेजसँगै वर्तमानबारे निर्णय गर्न केही सहज पनि भएको थियो । घटनाक्रमहरू केही असहज लागे पनि स्वाभाविक तुल्याउनै पर्थ्यो । टिकाटालोको दिन पनि आइपुग्यो । किनमेल सकिन लागेको थियो । पहिलेदेखि नै शुरू भएको तयारीले अन्तिम रूप लिँदै थियो । तयारीमा कुनै खोट नदेखियोस् भनेर सबै लागिपरेका थिए । बिहान १० बजेर २५ मिनेटको साइत आइपुग्न अब १० मिनेट पनि थिएन । तयारीको चटारो सकाएर सबैजना बाटोतिर आँखा लगाउँदै थिए । भनिएको समयसम्म पनि कोही नआइपुग्दा सबैको मन हतास थियो ।

"फोन गर न एकपटक !"—दाइले भन्यो । "गर्दिन," मैले झर्को मानेजस्तो गरेँ । तर किन-किन मेरो पनि मन बेचैन थियो । ९८५१०... नम्बर डायल गरेँ । "तपाईंले सम्पर्क

गर्नुभएको नम्बरमा अहिले सम्पर्क हुन सकेन" एउटा उराठ लाग्दो स्वरमा उत्तर आयो । र योक्रम पटक-पटक दोहोरिरह्यो । अरू सम्बन्धित नम्बरमा पनि फोन सम्पर्कको प्रयास भयो कसैको "अफ" छ त, कसैको फोन उठ्दैन । बाटोमा कुनै दुर्घटना पो पऱ्यो कि वा अरू केही । आँखा टट्टाए, तर अपेक्षा गरेको कोही आएन, न कुनै खबर आयो ।

झण्डै १२ बजे तिर कुरा लिएर आउने छिमेकी फुपुको फोन आयो, "केटो हिजोदेखि घर आएकै छैन रे । घरबाट पनि सम्पर्क हुन सकेको छैन रे ।"

"अब के गर्ने?" बा खुइय्य गर्दै पिँढीमा बस्नु भयो । आमा भित्र जानुभयो । भयंकर सन्नाटा छायो घरमा । समय टक्क अडिएको जस्तो भएको थियो । वातावरण गह्रौं भयो । घरकाहरू यो सबको जिम्मेवार म नै हुँ जसरी मतिर घृणा ओकल्दै थिए ।

त्यो बेला पूर्वप्रेमीको खुब याद आयो । उसँग सबै कुरा भनेर खुब रुन मन लाग्यो । त्यसो त मेरो परिबन्द बुझ्न नसकी उसले प्रेमको श्रद्धाञ्जली दिइसकेको थियो । घरमा चलेको बिहेको कुरा नभनेको पनि होइन मैले । तर, ऊ पढाइ, करिअर, यस्तै-यस्तै कुरा गर्थ्यो । हुन पनि, समाजमा केटाहरू २८–३० वर्ष पुग्दासम्म पनि बिहेको लागि आत्तिइहाल्नु पर्दैनथ्यो । तर छोरीहरू २० वर्ष आसपास पुग्ने बित्तिकै बोझ भैहाल्थे । यता मेरो बिहेलाई लिएर घरमा उखरमाउलो गर्मी थियो भने उता ऊ बेफिक्री हाँसिदिन्थ्यो ।

यो तनावै तनावको बीच घरमा खासखुस चल्यो, फोन सम्पर्कहरू भए र अर्को अचिनारुको नामले ठाउँ पायो । मैले केही सोच्नै सकेको थिइन । झण्डै ५ बजेतिर चार जनाको समूह घरमा आयो । एउटा दुब्लो र अग्लो मान्छेलाई देखाउँदै एक भलाद्मी बोले—"ऊ उही हो, केटो !"

मलाई भित्र पठाइयो । खै के-के कुरा चले । सुन्ने मन पनि गरिनँ । एक छिनमा फेरि बाहिर बोलाए । आएँ पनि । बा, दाइहरूको अनुहार केही उज्यालो थियो ।

"केटाकेटी छुट्टै गफ गर्छन् कि ?" एउटा बोल्यो । मलाई रत्तिभर रहर थिएन । सायद उसले चाह्यो कि ! आमा र दाइले दलिन तिरको कोठा देखाउनु भयो । तर मैले चाहिनँ । त्यसको एकै छिनमा घर नजिकैको चौतारो छेउछाउमा त्यो दुब्लो केटोको बगलमा म पनि हिँडिरहेको थिएँ ।

"केही सोध्नु छ भने सोधे हुन्छ"—म नजानेरै रुखो भइरहेको थिएँ ।

"छैन"—ऊ विस्तारै बोल्यो । लगभग सबै कुरा थाहा पाएरै आएको हो । "सम्झना होइन त नाउँ ? अनि समाजशास्त्रमा एमए पढ्दै । होइन त ?"

"हो ।" मैले मुन्टो उठाएँ ।

"बरु तपाईंले केही बुझ्नु पर्ने भए– सोध्नुस्"—ऊ बोल्यो ।

"केही छैन"—मेरो उत्तर ।

सोध्नु पर्ने पनि केही थिएन । न सोधेर नै हुनेवाला केही थियो । तनावमा वितेको आजको दिनभरिमा मैले थाहा पाएको यत्ति थियो—“म अवधि सकिन लागेको वस्तु हुँ र मलाई जतिसक्दो छिटो मूल्य घटाएरै भए पनि कुनै ग्राहकको हातमा सुम्पिनु पर्छ ।”

त्यसैले, मैले केही बोलिनँ । ऊ मुस्कुरायो मात्र । यो कुसमयको मुस्कान देखेर मलाई झन् घृणा लाग्यो । तर मूल्यहीन लागेर यो पनि भित्र-भित्रै दबाएँ ।

न उसले केही सोध्यो, न मैले नै ।

हामी चौताराबाट फर्कियौँ । सबैको अनुहारमा कौतुहलता देखिन्थ्यो ।

“हुन्छ नि ?”—भलाद्मीले उसलाई सोधे ।

उसले सानो स्वरमा “हुन्छ” भन्यो ।

“अनि नानीलाई ?”—भलाद्मी मतर्फ फर्किए । सबैका आँखा म तर्फ सोझिए ।

“म को हो ?”—मैले बिर्सिएँ । कक्षा १० सम्म कहिले पहिला त कहिले दोस्रो हुँदै सकेको स्कूले जीवन बिर्सिएँ । स्कूल पढ्दै गर्दा कठीन प्रश्नको उत्तर दिने पालोमा तिमीले नसके कसले सक्छ भनेर सरले भन्दा हो नि “मैले नसके कसले सक्छ” भनेर बढेको आत्मविश्वास बिर्सिएँ । प्लस टु पढ्दा मनमोहन कलेज होस् वा बीएड पढ्दा महेन्द्ररत्न क्याम्पसमा उत्कृष्ट भएको पनि बिर्सिएँ ।

हाम्रो सामाजिक संरचनासम्म बुझ्न नसकेर घरमा केटा आए रे भन्ने थाहा पाउने वित्तिकै प्रेमको श्रद्धाञ्जली दिने तथाकथित प्रेमी, “सजिलो विषय” पढाएर पास भएपछि बिहे गरिदिन हतारिने अभिभावक र बिहे भएपछि हुने अन्तरंगको नाममा वेष्ट र ब्रेष्टको साइजसम्म सोधेर बिहे छिन्ने दिन गायब हुने केटो र उसको परिवार सम्झिएँ ।

र, मैले हुन्न भन्न सकिन ।

हाम्रो समाजमा, बिहे छिन्ने निश्चित भइसकेपछि केटो गायब भएको परिस्थितिमा आएको अर्को सुवर्ण (?) मौकामा मेरो “हुन्न” को मूल्य के हुनसक्थ्यो, म अनुमानसम्म गर्न सक्दिनथेँ । आमाको उच्च रक्तचाप, बुवाको इज्जत मलाई थाहा थियो । परिवारको तथाकथित इज्जत उसको र मेरो, कृत्रिम नै सही, स्वीकृतिमा अडिएको थियो । मैले अनिच्छामै सकारात्मक हुँदै मुन्टो हल्लाएँ ।

दुवै जनाको स्वीकृतिपछि छिप्पिदै गएको साँझमा मेरा अभिभावकको अनुहारमा भर्भराउँदो घाम उदाएको थियो तर मेरो आँखा भने आँशुले भरिएको थियो । एक्काइसौँ शताब्दीको त्यो साँझ “छोरीको जीवन” नामको अभिशाप बोकेर म एक-एक थोपा माटोमा मिस्सिँदै थिएँ । टीकाटालो सकियो । यसरी तोकिएकै दिनमा मेरो “अनशेड्यूल्ड इन्गेजमेन्ट” सम्पन्न भयो ।

## विसंगति

एसएलसी पास भएपछि क्याम्पस पढ्नको लागि काठमाडौँ जाने कुराले भित्रैदेखि रोमाञ्चित थिएँ । उमेरजन्य हिसाबले ठूलो भएको अनुभूति र "धेरै पढेर ठूलो मान्छे हुनुपर्छ" भनेर बच्चैदेखि घोकाइएको कुरा सम्झेर पनि दायित्व बढेको महसूस हुन्थ्यो । यस्तै उत्साह र गाम्भीर्यको साथमा काठमाडौँ आइयो । दाइ, दिदीहरू पहिल्यैदेखि काठमाडौँ बसेकाले पनि बस्ने ठाउँको समस्या थिएन; न क्याम्पस खोज्ने अप्ठ्यारो नै । जब के पढ्ने भन्ने कुरा आयो नि, मैले गणित पढ्ने कुरा गरेँ । गाउँको स्कूलमा गणित पढाउने सरको रवाफ नै ईर्ष्या लाग्दो हुन्थ्यो । ट्यूशन पढ्न जानेको भीड हुन्थ्यो । कमाइ त्यस्तै राम्रो, त्यसमाथि गणितको सरसँग हेडसर पनि मज्जैले कुरा गर्थे । मलाई पनि भित्री मनबाटै हेडसरले पनि सम्मान गर्ने गणितको शिक्षक बन्ने इच्छा थियो र त्यसै भनेँ ।

ठूलो बुबाको छोरा दाइ बम्कियो : "के को गणित पढ्ने ? सजिलो विषय पढेर खुरुखुरु पास हुनुपर्छ । 'विषय ला'की' केटी भनेपछि पछि बिहे गर्न कति गाह्रो हुन्छ । पछिको कुरा पनि सोच्नुपर्छ । ... लाई बिकाउन कति गाह्रो भयो ।" अरू दाइहरूले पनि उसकै होमा हो मिलाए । मलाई भनन्न रिंगटा लाग्न थाल्यो । म पढेर ठूलो मान्छे बन्न क्याम्पस जाने सोच्छु, उनीहरू क्याम्पस पढाएको नाममा सजिलोसँग बिहे हुने कुरा गर्छन् । मानौँ म एक खासै गुणस्तर नभएको वस्तु हुँ र मेरा अभिभावक "क्याम्पस पास" को आकर्षक पुलिन्दासाथ मलाई बिकाउन प्रयासरत छन् । यसपछि मानविकीमा मूल विषय जनसंख्या र नेपाली पढ्ने गरी मनमोहन कलेजमा मेरो भर्ना भयो । यसरी बिहे गर्ने सहजताको नाममा मेरो गणितको शिक्षक बन्ने सपनाको हत्या भयो र मैले चुपचाप सहेँ ।

दाइको अनुमान ठीक निस्क्यो । म खुरुखुरु प्लस टु मात्र होइन, स्नातक पनि पास भएँ । अब त साँच्चै ठूली भैसकेकी थिएँ । केन्द्रीय क्याम्पस कीर्तिपुरमा एमए पढ्ने रहर थियो, घरमा त्यही भनेँ । दाइ जंगियो—"खुब कीर्तिपुर पढेर लभ गर्दै हिँड्नलाई । खुरुक्क पीके [पद्मकन्या क्याम्पस] पढ्ने ।" यसपटक पनि दाइ सही थियो । थाहा छैन, कीर्तिपुर पढ्नेहरू सबै लभ गरेर हिँड्छन् हिँड्दैनन्, तर मेरो मनमा भने यो अवश्य थियो । विश्वविद्यालयमा पढ्ने अनि उही चञ्चल अनुहारको "मिष्टर ह्याण्डसम" सँग हात समाएर हिँड्ने चाहना मनभरि थियो । तर मेरो चाहनाको के अर्थ हुन्थ्यो र ? फेरि दाइकै निर्देशनमा म समाजशास्त्रमा स्नातकोत्तर पढ्न पीके कलेजमा भर्ना भएँ ।

भनिन्छ, अफ्रिकामा मात्र झण्डै २०० मिलियन महिलाहरूको "जेनिटल म्युटिलेशन" गरिएको छ, र अहिले पनि करिब २० लाख किशोरीहरूको "म्युटिलेशन" गरिन्छ । सरल भाषामा भन्दा "जेनिटल म्युटिलेशन" भनेको केटीहरूको यौनांग सिलाउनु हो, ताकि उनीहरू बिहेअघि यौनसम्बन्ध नराखून् । यसो गर्दा मासिकस्राव र पिसाब गर्नको लागि भनेर सानो भाग मात्र छोडी बाँकीतिर सिलाउने गरिन्छ रे । "म्युटिलेशन" नगराएमा उनीहरूको

बिहे नहुने वा गाह्रो हुने विश्वास गरिन्छ । हुन त "म्युटिलेशन" गराउने अभिभावक विरुद्ध ती देशहरूमा जेल सजायको प्रावधान भए तापनि त्यो निष्प्रभावी छ, किनकि यसको कार्यान्वयनमा सरकारहरूले खासै चासो दिएका छैनन् । सरकारी अस्पतालमा, स्वास्थ्यकर्मीहरूबाटै "म्युटिलेशन" गराइनुले सरकारी नियत प्रस्ट हुन्छ । कल्पना मात्र गर्दा पनि भयावह लाग्ने यस्ता कृत्यले किशोरीहरूमा शारीरिक र मानसिक पीडा कति देला ? अझ "जेनिटल म्युटिलेशन" गरिएका महिलाहरूको बिहेको पहिलो रात लोग्ने चक्कु लिएर उपस्थित हुन्छ भनेको सुन्दा तपाईंको मनमा के गुज्रिएको छ ? तर यो यथार्थ हो । यसको पछाडिको कारण भनिएको छ, बिहेको सहजताको लागि ! नजाने विश्वका कति समाज र संस्कारहरूमा बिहेको सहजताको नाममा यस्ता भयानक र क्रुर अपराधहरू हुने गर्छन् ।

मेरो "जेनिटल म्युटिलेशन" त भएन तर पटक-पटक चाहनाहरूको भने "म्युटिलेशन" हुँदै गयो । यी सब बिहेको सहजताको नाममा भएका थिए । वि.सं. २०४४ मा नै *वेदना* साहित्यिक पत्रिकामा पारिजातले लेखेकी थिइन्—"मेरा थुप्रै आकांक्षाहरूको हत्या भएको छ । कुनै प्रकृतिले, कुनै परिस्थितिले, कुनै अभिभावकले, कुनै जानअञ्जान आफैले । त्यसैले मलाई कहिलेकाहीँ लाग्छ, मेरो मनभित्र अभेद्य पर्खालपछि, कुनै स्वास्नीमान्छे अवश्यै छे, ... त्यो रुष्ट छे, असन्तुष्ट छे जसलाई म सुम्सुम्याउन पाउँदिन । म आफैलाई कतिखेर सुम्सुम्याउँ ?" (पारिजात २०५४) । पारिजातले यसो भनेको झण्डै ३० वर्ष पछि पनि समय स्थिर जस्तै लाग्छ, र मलाई आफैलाई सुम्सुम्याउँ झैँ होइन बरु विष्फोट भैदिउँ झैँ लाग्छ ।

## र अन्त्यमा,

विसंगतिको अन्त्यहीन शृंखला सायद जारी थियो । पितृसत्ता यो वा त्यो रूपमा पाइलैपिच्छे उपस्थित थियो, अद्यापि छँदैछ । हिरासतमा मारिएका कवि कृष्णसेन इच्छुकको कवितामा जस्तै, "... हाम्रा खुट्टाहरूमा नेल पहिराउँदै, तिमी भन्छौ हिँड्न त हिँड तर यो बाटो नहिँड..." (इच्छुक २०५६: ७४) पितृसत्ताले कोरिदिएको लक्ष्मण-रेखा नाघ्न नसकेपछि अब के नै रह्यो र ?

"अनशेड्यूल्ड इन्गेज्मेन्ट" को कुरामाथि नै उल्लेख गरिहालेँ । त्यसपछि के थियो र ? थोरै औपचारिकता अनि बिहे । त्यसपछि अरू के हुन्छ र ? चलिआएको संस्कार, घरायसी काम गर्नै पऱ्यो । पढी टोपलेको जागिर थेग्नै पऱ्यो । बलिउडकी नायिका प्रियंका चोपडाले जस्तो "बच्चा जन्माउन बाहेक पुरुष सहयोगको आवश्यकता छैन" भन्न सकिँदैन, बरु लेखक शारदा शर्माको "चाहे वेश्यालयभित्र होस् वा घर गृहस्थीमा यौनकर्मी नै त हौँ हामी" (शर्मा २०७० : २५१) भन्ने भनाइलाई स्वीकार्नै पऱ्यो ।

स्नातकोत्तर तहका विद्यार्थीलाई "जेण्डर स्टडीज" पढाउँछु । म जुन मानसिक "म्युटिलेशन" को उत्कर्षमा थिएँ, मेरा अहिलेका विद्यार्थीहरू त्यही अवस्थामा छन् ।

स्वरूप र आकारहरूमा केही भिन्नता आए होलान्, तर सारमा खासै अन्तर देख्दिनँ । त्यसो त, मेरो बिहेलाई आधार बनाएर लेखिएको लेख र सन्दर्भमा त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्र विभागको एमफिलका विद्यार्थीहरूसँग अन्तर्क्रिया पनि भयो । गुरु चैतन्य मिश्रले यसको चाँजोपाँजो मिलाइदिनुभएको थियो । एमफिल अन्तर्क्रियामा बिहेका सन्दर्भमा धेरै प्रश्नहरू उठे । छलफलमा समाज रूपान्तरणका विभिन्न चरणहरू प्रतिविम्बित भए । कुनै समाज समुदाय धेरैअगाडि पुगिसकेका थिए भने कुनै निकै पछाडि । सायद रूपान्तरणका चरणहरू सबै तहमा एकसाथ लागू हुँदैन । प्रेम र मागीका बीचमा चेपिएको बिहे सन्दर्भदेखि जातीयताको पर्खालले अवरुद्ध प्रेम सम्मका विषयमा चर्चा भए । समाजका हरेक गतिविधिहरू, त्यसलाई हेर्ने र बुझ्ने दृष्टिकोणहरू सापेक्षतामा हुने गर्छन् । परम्परागत मान्यताहरू, सामाजिक पृष्ठभूमि, आदिको सापेक्षतामा व्यक्तिका जीवनका मूल्यांकन गर्नुपर्ने रहेछ ।

बिहेको सन्दर्भलाई लिएर म किन यी सब कुरा लेख्दैछु ? हाम्रोजस्तो सामाजिक सांस्कृतिक पृष्ठभूमिमा यस्ता विषय सार्वजनिक गर्दा व्यक्ति र परिवारको तथाकथित इज्जतमा अप्ठ्यारो पर्ने कुरा जान्दाजान्दै पनि म लेख्दैछु । परिवारले लुकाउन चाहेका यी कुराहरू अहिले सार्वजनिक गर्दा मेरा धेरै आफन्तहरूले नमीठो मान्नु हुन्छ । तर नमीठो यो कथा म र म जस्तै धेरैको साझा कथा हो । हाम्रो समाजको कथा हो । हाम्रो समाज बुझ्नकै लागि पनि यी सब कुरा बाहिर आउनै पर्छ ।

## सन्दर्भ सामग्री

इच्छुक, कृष्णसेन । २०५६ । प्रतिबन्ध । *इतिहासको यस घडीमा* । काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक संघ ।

पारिजात । २०५४ । *पारिजातका संकलित रचनाहरू* । भाग ६ । सिक्किम : निर्माण प्रकाशन

शर्मा, शारदा । २०७० । चरित्रहीन चेली । *समयको तस्बिर* । काठमाडौँ : सांग्रिला बुक्स प्रालि ।

## लेखक परिचय

**सम्झना वाग्ले भट्टराई**ले त्रिभुवन विश्वविद्यालयबाट समाज शास्त्रमा एमफिल गरेकी छिन । उनी काठमाडौँका कलेजमा स्नातकोत्तर तहमा लैंगिक अध्ययन अध्यापन गर्नुका साथै विभिन्न पत्रपत्रिकाहरूमा लेख्छिन् । इमेल : wagle.samjhana@gmail.com